# सडक मर्मत आयोजना
# एमसीसी नेपाल कम्प्याक्ट

## स्तरोन्नति

**सडक :** कम गुणस्तरको सडकका कारण सडक सुरक्षासम्बन्धी जोखिम सिर्जना हुने गरेको छ भने यसले गर्दा नेपाली जनताको समय, पैसा र व्यापारका अवसर पनि खेर गइरहेको छ । सडक मर्मत आयोजनाले अन्तरराष्ट्रिय सडक मूल्याङ्कन कार्यक्रमको सुरक्षा मापदण्ड अनुसरण गर्दै स्वच्छ तथा थप दिगो स्तरोन्नति एवं मर्मतका विधिहरू अपनाउनेछ ।

सडक मर्मत आयोजना अन्तर्गत **रणनैतिक सडक सञ्जाल**को करिब ४० किमि सडक खण्डमा **फूल-डेप्थ रिक्लेमेशन** (एफडीआर) प्रविधि प्रयोग गरेर न्यूनतम लागत र वातावरणीय प्रभाव पर्ने गरी सडकको नयाँ आधार तह तयार गर्नका लागि सडकमा विद्यमान सामग्रीलाई नै पुन:प्रयोग गर्नेछ ।

**सहकार्य :** सडक मर्मत आयोजनाले आफ्नो लगानीलाई अगाडि बढाउनका लागि नेपालका इञ्जिनियरहरू सक्षम होऊन् भन्ने उद्देश्यले **सडक विभाग, सडक बोर्ड नेपाल** तथा **त्रिभुवन विश्वविद्यालयको इञ्जिनियरिङ अध्ययन संस्थान** सँग प्रशिक्षण, उपकरणको व्यवस्था तथा ज्ञान हस्तान्तरणसम्बन्धी कार्य गरिरहेको छ ।

**मर्मत :** सडक मर्मत आयोजनाले नेपालको सडक मर्मतमा लगानी बढाउनका लागि सिर्जना गरिने मिलान कोषको सहयोगबाट नेपालको **रणनैतिक सडक सञ्जाल**को आवधिक मर्मत कार्य गर्नेछ ।

## लगानी

विद्यमान तथा नयाँ निर्माण गरिने सडकहरूलाई सघाउन सडक पुन:स्थापना तथा सञ्जाल सुरक्षा व्यवस्थापनमा ।

सडकलाई कटान हुन तथा चिरा पर्नबाट जोगाउने एफडीआर तथा सुपरपेभ आस्फाल्ट जस्ता दिगो तथा **वातावरणमैत्री प्रविधिहरू**को प्रयोगमा ।

प्रशिक्षण, उन्नत तथ्याङ्क सङ्कलन, योजना तर्जुमा तथा करार व्यवस्थापन जस्ता **प्राविधिक सहयोगमा** ।

**समृद्धिको पाटो, बिजुली र बाटो**

www.mcanp.org

MILLENNIUM CHALLENGE CORPORATION
UNITED STATES OF AMERICA